13Kathmandu-pg7-0.qxd 2/13/2009 10:37 PM Page 1



# सक्ने र नसक्ने बीचको पुलेसो



## कर्ण शाक्य

अमेरिकाको राम्रो कम्पनीमा काम गर्ने एउटा नेपाली जोडी अमेरिकी अर्थतन्त्रको अवस्था नराम्रो भएकोले हङकङको बहुराष्ट्रिय कम्पनीमा काम गर्न जादैछ भन्ने सुन्दा मत छक्कै परेँ । वास्तवमा मन अस्थिर भएपछि जहाँ बसे पनि चिन्ताले सताउँदो रहेछ ।

एकदिन बिहानै केटाकेटीदेखिको एउटा साथीले 'छोरो विदेश नगई नछोड्ने ढिपी गरिरहेछ, कर्ण तिमीले एकचोटि सम्झाइदेउन' भनी टेलिफोन गर्‍यो । ऊ खुद्रा व्यापारी हो । हरेक बिहान दाल, चामल, गेडागुडी बिक्री गर्न बोराहरू पसल बाहिर राख्ने अनि साँझ ती सबै बोराहरू भित्र राखेर पसल बन्द गरी घर गएर खाना खाइवरि भजनकीर्तनमा जाने उसको दिनचर्या हो । धेरै पढेको छैन उसले, तर ऊ सधैं खुसी छ । कमाइ पनि राम्रो छ । मूलसडकमै करोडौं जाने घर छ । पसलमा टनाटन सामान छ ।

त्यसैदिन दिउसोतिर अलि लज्जालु स्वभावको उसको छोरोले मोटरसाइकल चलाउने पञ्जा फुकाल्दै मलाई नमस्कार गर्दै घरभित्र पस्यो । उसले बोर्डिङ स्कुलबाट एसएलसी र राम्रै कलेजबाट बीबीए गरेको रहेछ । विदेश जाने तर्खरमा दुई वर्षदेखि त्यसै हल्लेर बसिरहेको रहेछ । 'बाबुको पसलमा काम गरे हुन्छ नि !' उसले विना शब्द मुख खुम्च्याएर चामल बेच्ने काममा नलाग्ने संकेत दियो । "चामल बेच्न लाज लाग्छ भने 'गेडागुडी सुपरमार्केट' वा 'चिजबिज भण्डार'जस्ता आकर्षक नाम राखेर उद्योगधन्दा सन्चालन गरे हुन्छ नि, पैसा छँदैछ !" मैले उसलाई सुझाव दिएँ । तर त्यो केटामा उद्योग गर्ने जोश देखिएन । पुर्ख्यौलीले गरेको पेसा गर्न उसलाई लाज लाग्छ, तर विदेशमा नोकरी गर्न ऊ आतुर छ ।

मेरा धनाढ्य साथी लेबनान भ्रमण गर्ने आकर्षणमा पोल्ट्रीसम्बन्धी अध्ययन गर्न गएको थियो । फर्केर आएपछि सरकारी जागिर खान नपाएको झोँकमा ट्राभल एजेन्सीमा काम गर्न थाल्यो । तर कहिल्यै परिश्रम गरेर उसले पोल्ट्री उद्योग खोल्ने आँट गरेन । हुनेखानेका छोराले मात्र काम गरी सफलता हासिल गर्न सक्छन् भनी सोच्नु गलत हो । सफलता शोखबाट होइन, इच्छा-आकाङ्क्षाको भोकबाट प्राप्त हुन्छ । सफलता टुप्पोबाट पलाउँदैन, जमिनबाट उम्रिन्छ ।

दैलेखमा बस्ने एउटा युवकले मलाई केही महिनाअघि नेपालमा के कस्ता उद्योग सञ्चालन गर्न सकिन्छ, सात पृष्ठको भावुक हस्तलिखित पत्र पठाएका थिए । उनीसित मेरो साथीको छोराको जस्तो पैसा छैन, तर उसमा काम गर्ने जोश र जाँगर छ । वास्तवमा धनाढ्यको सन्तानलाई भन्दा निर्धनको छोरालाई काम गर्न सजिलो हुन्छ, किनभने उनीहरूमा एउटा जिजीविषा "सर्भाइभल इन्सटिङ्ट" हुन्छ । चाहना, लक्ष्य र आकाङ्क्षाको भोक हुन्छ । सम्पन्नता-विपन्नता वरदान हो वा अभिसाप, यो मात्र समयले बताउने कुरा हो ।

सायद देशको परिस्थिति नराम्रो भएकोले पनि आजकालको पुस्तालाई मात्र होइन, अहिले स्वदेशमै काम गर्न चाहने थुप्रै उद्यमीहरू पनि निराश भएका छन् । बिजुली, इन्धन, प्रदूषण आदि समस्या त एक न एकदिन सुल्झिएर जाला रे, तर असुरक्षासाथै अन्योल राजनीतिक, सामाजिक एवं आर्थिक अवस्थाले देशमा एउटा विषम परिस्थिति सिर्जना गरिदिएको छ । यसले गर्दा उद्योग फस्टाउन सकेन, फलस्वरूप रोजगारीमा ह्रास आयो । रोजगारीको लागि उद्योग हुनुपर्‍यो, उद्योगको लागि लगानी हुनुपर्‍यो, लगानीको लागि ऋण उपलब्ध हुनुपर्‍यो, ऋणको लागि बैंक सक्षम हुनुपर्‍यो, बैंकको लागि पर्याप्त निक्षेप हुनुपर्‍यो, निक्षेपको निम्ति बैंकमा रकम जम्मा हुनुपर्‍यो र जबसम्म पैसा जम्मा गर्ने मानिसको मन ढुक्क हुँदैन, बैंकमा पैसा जम्मै हुँदैन ।

आर्थिक सञ्जाल माकुराको जालोजस्तै हुन्छ । एउटा धागो झुन्डियो भने सारा संरचना हल्लिन्छ, अनि भत्किन्छ । महत्त्वपूर्ण कुरा के भने आर्थिक स्रोतको मुहान कुवा र इनार होइनन्, निरन्तर बगिरहने खोला हो । विकासको मूल आधार अन्ततः अर्थ नै हो र अर्थविना सबै प्रयास अनर्थ हुन्छ । त्यसैले सारा संसार आर्थिक दौडमा प्रतिस्पर्धा गरिरहेको छ ।

व्यावहारिक विडम्बना के भने दौडमा दगुर्ने घोडा सधैं चुस्त नै हुन्छ । घोडालाई तर्साएर होइन, लगाम खुकुलो पारेर नै दौडाउनुपर्छ । वास्तवमा कोही निःस्वार्थ छैन, मन्त्रीदेखि कर्मचारी, उद्यमीदेखि मजदुर सबै आ-आफ्नो स्वार्थमा तल्लिन छन् । बस्, आ-आफ्नो स्वार्थबाट अरूलाई अहितमात्र नगरे पनि हामीले धेरै काम गर्न सक्छौं । अन्ततः सक्षम उद्यमीहरूलाई स्वदेशमै काम गर्न प्रोत्साहन नदिएसम्म देशको समस्या सुल्झिँदैन । यही कुरालाई ध्यानमा राखी मैले नेपालका युवाहरूलाई स्वदेशमा कसरी उद्योग/व्यापारमा आकर्षित गराउन सकिन्छ भन्नेबारे 'म सक्छु' भन्ने एउटा पुस्तिका तयार गर्ने विचार गरेको छु । यस किताबमा नेपालका २५–३० जना सिजर्नशील सफल उद्यमीहरूको प्रोफाइल तयार पारी उनीहरूले कसरी आफ्नो उद्योग सुरु गरे, विघ्नबाधाहरू कसरी सुल्झाए, उद्योग कसरी विकास गरे आदि-इत्यादि धरातलीय व्यावहारिक अनुभव एवं अर्थपूर्ण घटनाक्रमका कुरा समावेश गर्ने सोच बनाएको छु । त्यसले उद्योग सञ्चालन गर्न चाहने पुस्तालाई मार्गदर्शन प्रदान गरोस् ।

'म सक्छु' नामक यो पुस्तकमा उद्यमीहरूको प्रोफाइल चार परिच्छेदमा विभाजित गरिनेछ । पहिलो परिच्छेदमा उद्यमीको १० वर्ष छँदाको अवस्था, बानीव्यहोरा प्रस्तुत गरिनेछ । दोस्रो परिच्छेदमा २० देखि ३० वर्षको उसको क्रियाकलाप प्रस्तुत गरिनेछ । यसमा उसको शैक्षिक विवरण, रुचिका विषय, कलेजमा पढ्दाको आर्थिक अवस्था, अध्ययन खर्च कसरी जुटाइयो, आफ्नै घरमा बसेर वा बहालमा बसेर अध्ययन गरे, स्वदेश भ्रमण गरेका ठाउँहरू, मनपर्ने खेल, फिल्म, नाटक, किताब, मनोरञ्जनका साधनहरू, मिल्ने साथीहरूको नाम सबै उल्लेख गरिनेछ । साथै युवा अवस्थाको बिर्सनै नसक्ने तीता-मीठा सम्झना र त्यो बेलाको आकाङ्छा र चाहनाहरू स्पष्ट रूपमा समावेश गरिनेछ ।

तेस्रो परिच्छेदमा ३० देखि ४० वर्षसम्मको उसको सिर्जनशील र उद्यमशीलतालाई विस्तृत रूपमा प्रस्तुत गरिनेछ । जसमा उद्योग सुरु गरेको मिति, कम्पनीको नाम, ठाउँ, विवरण र यदि उद्योग गर्नुभन्दा पहिले जागिर खाएको थियो भने कुन, कहाँ र कहिले, त्यसको संक्षिप्त विवरण र जागिर किन र कसरी छाडे, त्यसबारे उल्लेख गरिनेछ । उद्योगको लगानी कहाँबाट जुटाए, उद्योग गर्ने प्रेरणा, जोश र जाँगर कहाँबाट आयो, पारिवारिक सहयोग कसरी जुटाए, उद्योगको परिकल्पना, योजना कसरी बनाए, कति सोचे र सोचेको कुराको कार्यान्वयन कसरी गरे, दिनको कति घन्टा काम गरे, राति सोच्ने गरे कि गरेनन्, जिम्मेवारी कति रुचाउँछन्, कामलाई बोझ ठान्छन् वा ठान्दैनन्, समयको व्यवस्थापन कसरी गरे, समस्याबाट भाग्ने गरे कि तत्काल समाधान गरे, कसैले धोका दिएको छ भने (नाम उल्लेख नगरिकन) कस्तो किसिमको धोका दियो, त्यसलाई कसरी समाधान गरे, उद्योग गर्दाका प्राविधिक भूल, सिकेका पाठहरू पनि उल्लेख गरिनेछ । सफल उद्यमी बन्नका निम्ति सकारात्मक सोच आवश्यक पर्ने भएको हुँदा उद्यमीले व्यक्तिगत बानीव्यहोरा, रिसलाई कसरी नियन्त्रण गर्छ र साथीभाइ, इष्टमित्र, ग्राहकहरूसँग कसरी मनोरञ्जन गर्छ, मनोरञ्जन गर्दा दिल खोलेर खर्च गर्छ या खर्चमा मितव्ययिता अपनाउँछ, साथै उद्योग र व्यापार पैसा कमाउनमात्र गर्छ कि समाजका लागि पनि योगदान पुर्‍याउने मनसायले गर्छ, कुन-कुन सामाजिक संघ-संस्थामा ऊ आबद्ध छ र अहिलेसम्म उसले समाजका लागि गरेका योगदान के-के हुन्, त्यो पनि समावेश गरिनेछ ।

चौथो परिच्छेदमा ४० वर्षपछिका दिनचर्या उल्लेख गरिनेछ । जस्तै- कतिवटा उद्योग सञ्चालन गरिरहेछ, त्यसको नाम, ठेगाना । उत्कृष्ट उद्योगहरूको क्रमानुसार संक्षिप्त विवरण, व्यवस्थापन, स्रोतको परिचालन कसरी गरे, कतिजना मान्छेले रोजगारी पाइराखेका छन्, भोगेका समस्या, समाधानका उपाय, समयतालिका, कतिजना राजनीतिक नेतालाई चिनेको छ, उनीहरूसँग उठबस कत्तिको छ, राजनीतिज्ञहरूको मित्रताले सहयोग पुर्‍याएको छ वा बाधा-अड्चन ल्याएको छ, नेपालमा उद्योग गर्दा के नेता-कार्यकर्तासँग सम्पर्क राख्न आवश्यकता हुन्छ वा हुँदैन भन्ने कुरा यसमा समावेश गरिनेछ । उद्योगधन्दा गर्नुका साथै हाल के-के सामाजिक काम गरिरहेछन्, कसलाई कस्तो सहयोग दिइरहेछ, बिर्सन नसक्ने घटना र सम्झनाहरू, कति समयसम्म सक्रिय भई उद्योग सञ्चालन गरिरहने, कहिले रिटायर्ड हुने, भावी योजनाहरू पनि यस परिच्छेदमा समावेश गरिनेछ । साथै उसको धर्मप्रति आस्था छ कि छैन, पूजापाठमा दिनको कति समय बिताउँछ, ध्यान गर्छ वा गर्दैन, समय-समयमा नियमित स्वास्थ्यपरीक्षण गर्छ कि गर्दैन ?

मांसाहारी, शाकाहारी र दैनिक खानपानबारे पनि जानकारी दिइनेछ । साथै उद्योगधन्दा गर्न चाहने युवा पुस्तालाई नेपालमा कुन-कुन उद्योग गर्न सकिन्छ, त्यसको सम्भावित खाका र नयाँ उद्यमीले उद्योगधन्दा सुरु गर्दा के-के व्यावसायिक प्रक्रिया अपनाउनुपर्छ र उद्योगलाई सफल पार्ने धरातलीय व्यावहारिक सुझावहरूसमेत पुस्तकमा समावेश गरिनेछ । नेपालमा धेरै सिर्जनशील उद्यमी छन्, जसले यो देशलाई ढाडस दिइरहेछन् । आज उनीहरूबाट केही सिक्ने हो भने केही वर्षमा नै उद्यमीहरूको जमात विकसित गर्न सकिन्छ । देशको हरेक कुना केही न केही उत्पादनका लागि उपयुक्त छ र हरेक व्यक्ति केही न केही गर्न सक्षम छ । कसैको स्रोत छ, साधन छैन । कसैको पैसा छ, विचार छैन । यही सक्ने र गर्न नसक्ने बीचको पुलेसो बनाउन सक्यो भने विकासका थुप्रै ढोका खुल्न सक्छन् ।



देशको हरेक कुना केही न केही उत्पादनका लागि उपयुक्त छ र हरेक व्यक्ति केही न केही गर्न सक्षम छ ।

# जङ्कु

## सिउँडी



### विमल निभा

'हाम्रो पनि नेवा राज्य हुनैपर्छ ।'

'हजुर ।'

'तपाईं पनि यसलाई मान्नुहुन्छ, होइन त ज्वाइँसाब ?'

म उनलाई चाखपूर्वक सुनिरहेको थिएँ ।

'आफ्नो विचार तपाईं मलाई भन्नोस् ।' मेरो मौनता उनलाई मनपरेको थिएन ।

म अलिकति मुस्कुराएँ ।

'यो हामी नेवारहरूका आफ्नै कुरो हो ज्वाइँसाब ।' उनले एकैपटकमा गिलास खाली गरे ।

मेरो कान्छो मामाससुरा दुई-चार पेग लगाइसकेपछि राजनीतिको कुरा गर्न थाल्थे । अन्यथा व्यापार गर्नेले यस्तो राजनीति-साजनीतिमा पर्नुहुन्न भनेर बराबर भनिरहन्थे । चार नाघिसकेका थिए ।

'जर्मनीबाट अर्डर आइसक्यो मामा ?' मैले एक्कासी विषय परिवर्तन गर्न खोजेँ ।

'यस वर्ष कुनै खबरै आएन ।' उनी चिन्तित भए ।

'अमेरिकाबाट त आएको होला नि ?'

'त्यहाँबाट पनि पोहोर-परारजति आएन ।'

'अनि यतिका मालको के गर्ने त मामा ?' मैले पनि चिन्ता देखाएँ ।

'खोइ, के गर्ने के गर्ने ?'

'यसले त निकै नै घाटा लाग्ने भयो, होइन र ?'

'छाड्नोस्, अहिले यो मालतालको कुरो ज्वाइँसाब ।' उनी एकदमसँग जोशिए, 'नेवा राज्य हुनैपर्छ ।' म कान्छो मामाससुराको अनुहारको एकनासले निरीक्षण गरिरहेको थिएँ ।

'नेवा राज्यबारे तपाईंले केही भन्नुभएन नि ज्वाइँसाब ।' उनको दुवै गाला क्रमशः राता-राता भइसकेका थिए ।

'मामा, तपाईंलाई रक्सी लागेजस्तो छ ।'

'केको लाग्नु, भर्खर त सुरु भयो ।' उनले आफ्नो गिलासमा अरू एक लार्ज पेग थपे, 'ज्वाइँसाबले लिनुभएन ?'

'विस्तारै लिन्छु मामा ।'

म व्यवस्थापनमा लागेको थिएँ । भोजमा आउने अतिथिगणको स्वागत-सत्कार मेरो जिम्मामा थियो । मेरो ससुराको बूढो जङ्कुको 'पार्टी' थियो । जङ्कु पुरानो विधिले सम्पन्न भए पनि भोजचाहिँ आधुनिक थियो- बुफे पार्टी ।

'तपाईंहरूका के गफ हो ?' यसैबखत हातमा गिलास लिएर मेरो जेठानको जेठान आइपुगे ।

'म ज्वाइँसाबलाई नेवा राज्यको विषयमा भनिरहेको थिएँ ।' मेरो कान्छो मामासुसराले जवाफ दिए ।

'हो, नेवा राज्य बन्नैपर्छ ।' मेरो जेठानको जेठान पनि तातिए ।

'जब लिम्बुवान, ताम्सालिङ, थरुहट, खम्बुवान राज्य हुनसक्छ भने नेवा राज्यमात्र किन नहुने ?' मेरो कान्छो मामाससुरा उत्तेजित थिए ।

'मामा, तपाईं अर्को पेग नलिनोस् ।' यसको प्रत्युत्तरमा मेरो कान्छो मामाससुराले गिलास स्वाट्टै पारे ।

'तपाईं त राजनीति बुझ्ने मान्छे, यो नेवा राज्यको विषयमा के भन्नुहुन्छ ?' मेरो जेठानको जेठानले मसँग सोधे ।

'यस्तो राजनीति म पटक्कै बुझ्दिन ।'

'कस्तो कुरा गर्नुहुन्छ ज्वाइँसाब ?' मेरो कान्छो मामाससुराले भने ।

'साँच्चै, म केही पनि बुझ्दिनँ ।' मैले फेरि भने ।

'त्यसो भए, तपाईं नेवा राज्यलाई मान्नुहुन्न ?' मेरो जेठानको जेठानले भने ।

'होइन ज्वाइँसाब, तपाईं नेवार होइन ?' यसपटक मेरो कान्छो मामाससुराको स्वर चर्कियो ।

'हामी नेवारहरू मिलेर यहाँ नेवा राज्य बनाउनैपर्छ ।' मेरो जेठानको जेठान पूरै जोशमा थिए ।

हाम्रो कुराकानीमा अरू पनि थपिए- अष्टनारायण काका, लक्ष्मीगोपाल फुपाजू, अनार माइजू, जमुना दिदी, बेखामान दाइ, आनन्दभक्त मामा, विष्णुदेवी भाउजू । मैले मेरो जेठानको जेठानतिर हेरेर भनेँ, 'तपाईंको छोराछोरी अमेरिकामा छन्, होइन ?'

'सबै क्यालिफोर्नियामा छन् ।'

'मामाको छोरी पनि अमेरिकामै ।' मैले मेरो कान्छो मामाससुरातिर देखाएर भनेँ, 'सानो छोरा पनि जाने तर्खरमा छ ।'

'शाश्वतको लसभेगास युनिभर्सिटीमा जाने मिलिसक्यो ज्वाइँसाब ।' मेरो कान्छो मामाससुराको मुख उज्यालो भयो ।

'मेरो छोरो पनि भोलि बिहानको फ्लाइटबाट बोष्टन जाँदैछ ।' लक्ष्मीगोपाल फुपाजूले थपे ।

'होइन, नेवा राज्यको कुरो पो भइरहेको थियो, यो अमेरिका कहाँबाट आयो ?' बेखामान दाइ अलमलिएका थिए ।

'हेर्नोस्, तपाईंहरूका मात्र होइन, मेरो एकमात्र छोरी पनि ज्वाइँसहित अमेरिकामै छे ।' मैले वरिपरि झुम्मिएकालाई पालैपालो हेरेर भनेँ, 'यहाँका अधिकांश जान्नेसुन्ने नेवारका छोराछोरी अमेरिकामै छन् ।'

सबैका अनुहार एक भएर मतर्फ सोझियो ।

'यसरी सबै अमेरिकामै गइरहने हो भने यहाँ नेवा राज्य बनाएर के हुन्छ ?' मैले सुस्तरी भनेँ ।

'अनि ?' मेरो जेठानको जेठानले आँखीभौं खुम्च्याए ।

'अनि प्रस्टै छ नि ।'

'के प्रस्ट छ ?'

'यहाँ व्यर्थमा नेवा राज्यको झन्झट गर्नैपरेन ।' मैले भनेँ ।

'तपाईं गोलमाल कुरो नगर्नोस् ज्वाइँसाब ।' मेरो कान्छो मामाससुरा हातको गिलास उचाल्दै रिसाए ।

'मेरो भन्नु के हो भने उतै संयुक्त राज्य अमेरिकामा एउटा सानो नेवा राज्य बनाए भइहाल्यो नि मामा ।' मैले हलुका हाँसोका साथ आफ्नो भनाइ सक्याएँ । मेरो कान्छो मामाससुरा क्रुद्ध आँखाले मतिर हेर्न थाले ।

एक हुल अतिथि हलभित्र पसिरहेका थिए । म मेरो ससुराको बूढो जङ्कुको भोजमा सामेल हुनआएकाको स्वागत गर्न हतार-हतार त्यतातिर लम्किएँ ।

"होइन, नेवा राज्यको कुरो पो भइरहेको थियो, यो अमेरिका कहाँबाट आयो ?"

# भारतका निर्दयी र दिवानाहरू



## दिनेश वाग्ले

'कन्नट प्लेस'का दुई नाम छन् र त्यहाँ दुई संसार छन् । औपनिवेशिक प्रतीक हटाउने क्रममा भारतीयहरूले दिल्लीको मुटुमै रहेको यो व्यस्त व्यापारिक क्षेत्रलाई हत्या गरिएका आफ्ना प्रधानमन्त्रीको सम्झनामा 'राजीव चोक' नामकरण गरेका छन् । चोकको केन्द्रमा एउटा ठूलो, गोलो र सुन्दर पार्क छ, जसलाई चक्रपथले घेरेको छ । हो, त्यही 'सेन्ट्रल पार्क'माथि र मुनि दुई फरक संसार छन्, जसले पहिलोपटक पुग्नेलाई आ-आफ्नै ढंगमा रोमाञ्चित तुल्याउँछन् ।

पार्कको ठ्याक्कै मुनि दिल्ली मेट्रोको एउटा भव्य स्टेसन छ, जहाँ एउटा सामान्य दिन दसौं हजार मान्छे सिनित्त परेका तीव्रगतिका ट्रेनमा छिर्न र तीबाट निस्कन ठेलाठेल गरिरहेका हुन्छन् । पार्कभन्दा तीन तल्लामुनि, मत भन्छु, विमानस्थलकै जस्तो माहोल छ, जहाँ दिल्ली विश्वविद्यालयतिर दौडिरहेका सुन्दर युवती, अफिसतिर लम्केका सुघर कर्मचारी, क्रिकेट खेलेर फर्केका थकित युवक र चाँदनी चोकमा किनमेल गरेर घर लागेका महिला मेट्रोको विद्युतीय टिकट लिने तथा रेल छिर्ने लाइनमा घचेड-मचेड गरिरहेका हुन्छन् । स्टेसनका विद्युतीय भऱ्याङहरू निरन्तर चलिरहेका छन्, मानिस रेलबाट निस्कनेबित्तिकै खुरुरु त्यतातिर दौडिन्छन्, मानौं उनीहरू सबै एउटा दौडमा छन् र अलिकति पनि ढिलाइले त्यो हारिन सक्छ ।

उक्लिनुस् तीनै विद्युतीय भऱ्याङ, आउनुस् तीन तला माथि र उभिनुस् सेन्ट्रल पार्कमा, त्यो तीव्रतामा अचानक इमर्जेन्सी ब्रेक लागेको महसुस हुनेछ । यस्तो लाग्छ, समय यहाँनेर आएर ठ्याक्क रोकिएको छ, घडी घुम्न बन्द भएको छ । आफैंमा हराइरहेका जस्ता लाग्ने प्रेमजोडीहरू जहींतहीं छन् र तिनले निःसन्देह पार्कको शोभा बढाएका छन् । जतिसुकै बजोस्, भुइँचालो नै जाओस्, त्यसले केही फरक नपार्नेझैं गरी उनीहरू आपसमा लीन छन् । एउटा बुटोको छायामा केटीको काखमा टाउको राखेर ढल्केको छ, युवक । अलि पर्तिर टाउको जोडेर एकजोडी कुनै कार्टुनको जस्तो लाग्ने किताब हेरिरहेको छ । अलि पर टर्वान लगाएको अर्को युवक कुर्ता-सुरुवाल लगाएकी युवतीको कपाल चलाइरहेको छ । 'पट्टिनु अगाडिको दृश्य हो कि यो पट्टिइसकेको ?' कसैले त्यस्तो भनेको म सुन्छु । एक्लै घुम्न जानेहरूका लागि यी जोडी पर्यटकीय आकर्षण र यो सन्दर्भमा लेखका विषय बनेका छन् ।

निःशुल्क भए पनि सेन्ट्रल पार्कको छिराइ पूरै अवरोधविहीन भने छैन । मेटल डिटेक्टर हातमा लिएर गेटमा उभिएका प्रहरीले यहाँ आउने प्रत्येक व्यक्तिको शरीर खानतलासी गर्छन् । नगरुन् पनि किन ? ठ्याक्कै पाँच महिनाअघि मध्यसेप्टेम्बरमा दिल्लीमा आतंकवादीहरूले बम विस्फोट गराएका पाँचमध्येको एक ठाउँ कन्नट प्लेस थियो । पार्कमै पनि एउटा विस्फोट भएको थियो । त्यो विस्फोटका वास्तविक निसाना प्रेमीहरू नै थिए भन्ने कुनै प्रमाण छैन । तर भारतमा प्रेमीहरू बारम्बार धार्मिक कट्टरपन्थीहरूका निसाना बन्दैआएका छन् । सेप्टेम्बरको बम विस्फोट मुस्लिम आतंकवादीहरूले गराएको हुनसक्छ । तर प्रेमीलाई निसानामा राख्नेहरूचाहिँ हिन्दू कट्टरपन्थी हुन्, जसले भन्न पनि दिक्कै लाग्छ, मानिसहरूले प्रेम गरेको सहनै सक्दैनन् । झन् यस्तो सार्वजनिक स्थानमा आएर एकआपसमा लीन हुँदै माया गरेको उनीहरूलाई पटक्कै मन पर्दैन । त्यसैले हालैका केही दिनयता सेन्ट्रल पार्कजस्ता थुप्रै डेटिङ स्पटहरूमा सुरक्षा अवस्था अझ कडा तुल्याइएको छ भने त्यो आश्चर्यको विषय हुँदैन ।

फेब्रुअरी १४ अर्थात् 'सेन्ट भ्यालेन्टाइन्स डे' (शनिबार) नजिकिँदै गर्दा बितेका दुई साता भारतभरि नै त्यो दिनलाई असफल तुल्याउने र सफल बनाइछाड्ने दुई फरक विचारधारा र अलग पुस्ताका भारतीयबीच शाब्दिक युद्ध चल्यो । भारतीय समाजमा बितेका केही वर्षदेखि फेब्रुअरी १४ को आसपासमा यस्तो युद्ध चल्ने गरेको छ । तर यसपालि त्यसले थुप्रै साताअघि डरलाग्दो रूप धारण गर्‍यो, जब दक्षिणपन्थी हिन्दू अतिवादी समूह 'श्रीराम सेना'का केही उद्दण्ड कार्यकर्ताले बैङ्लोर नजिकैको सहर मैङ्गलोरस्थित एम्नेसिया पवमा छिरेर त्यहाँ नाच्दै-पिउँदै रमाइलो गरिरहेका युवतीहरूलाई जबर्जस्ती बाहिर निकाले । त्यसक्रममा उनीहरूले युवतीहरूमाथि हातपात गरे, कपडा च्यात्न खोजे । पवमा नाचगान गर्नु र पिउनु भारतीय संस्कृति नभएको र त्यसो गर्नेलाई कारबाही गरिने ती फटाहाहरूको तर्क थियो ।

> भ्यालेन्टाइन डे असफल तुल्याउने धार्मिक कट्टरपन्थीको प्रयासविरुद्ध भारतमा पिउने र प्रेममा हराउन चाहनेले नयाँ युद्ध छेडेका छन् ।

ती फटाहा र तिनको नाइके प्रमोद मुथालिकलाई पक्रिन ढिलाइ गरेकोमा हिन्दूवादी भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको कर्नाटक राज्य सरकारको खुबै आलोचना भयो । अर्को दक्षिणपन्थी हिन्दू संगठन बजरंग दलबाट छुट्टिएको श्रीराम सेनाको तालिवानी कार्यशैलीका लागि केन्द्रमा सरकारको नेतृत्व गर्ने कंग्रेस पार्टीले भाजपालाई नै जिम्मेवार ठहऱ्यायो । भाजपाले घटनाको भर्त्सना गर्‍यो, तर लोसे कर्नाटक सरकारको प्रतिरक्षा गर्न पनि बाँकी राखेन । जनवरी अन्तिमतिर भएको त्यो घटनापछि त्यसमा सामेल भएका भनिएका केही फटाहा पक्राउ परे र तिनका नाइके छुटे पनि । त्यसयता उनीहरूले भ्यालेन्टाइन डे मनाउनेहरूलाई कारबाही गर्ने धम्की दिँदैआएका छन् । उनीहरूले त्यो दिन सँगै हिँड्ने प्रेमीलाई तत्कालै विवाह गर्न या केटीलाई केटाको हातमा राखी बाध्य पार्ने धम्की दिएका छन् । धम्की के, बितेका वर्षहरू उनीहरूले थुप्रै पसलबाट भ्यालेन्टाइन डेमा बेचिने प्रेम अभिव्यक्तिका कार्ड र पोस्टरहरू निकाल्दै जलाएका र प्रेमीहरूमाथि आक्रमण गरिसकेका छन् ।

मैङ्लोर घटनाको केही दिनपछिको एक साँझ म नयाँदिल्लीको साउथ एक्स्टेन्सनस्थित क्याफे मोरिसन पवमा थिएँ । डीजे बाटुटा उर्फ सन्नी र गारेथको संगीत कानै फुटाउलाजस्तो चर्को स्वरमा बजिरहेको थियो, थुप्रै युवायुवती आफैंमा रमिरहेका थिए । कैयौं युवतीले बियर या ह्विस्कीले भरिएका ग्लास अँठ्याइरहेका थिए । जब मैले एउटीलाई मैङ्लोर घटना सम्झाएँ, उनले बियरको क्यान उठाइन्, मलाई देखाइन् र एक चुस्की दिइन् । त्यो उनको जवाफ थियो । त्यस्तै नीडर जवाफ अहिले भारतभरिका युवतीहरूले मुथालिक र तिनको ग्याङलाई खुलेआम दिइरहेका छन् । यो भ्यालेन्टाइनमा उनीहरूले प्रमोद मुथालिकलाई गुलावी रंगको अन्डरवेयर (कट्टु/चड्डी) उपहार दिइरहेका छन् ।

अघिल्लो बिहीबार सामाजिक सञ्जाल वेब साइट फेसबुकमा एउटा ग्रुप खोलेर थालिएको 'चड्डी अभियान'ले नौ दिनमै ३२ हजार ७ सय ४८ सदस्य र भारतीय राष्ट्रिय अखबारहरूमा प्रथम पेजमा शीर्षक पाइसकेको छ । नेपालमा केही वर्षअघि केही 'अज्ञात' महिलाले सिर्जना गरेको समूह 'चरित्रहीन चेली'कै झल्को दिने यो भारतीय फेसबुक समूहले आफूलाई 'कन्सोर्टियम अफ पव गोइङ, लुज एन्ड फरवार्ड ओमन' नाम दिएको छ र संस्थापक तथा सदस्यहरूले परिचय लुकाएका छैनन् । समूहले मानिसहरूलाई, विशेषतः महिलालाई, उनीहरूले लगाएका या नयाँ किन्नुपर्ने भए निकै सस्तो कट्टु मुथालिकको हुब्ली, कर्नाटकस्थित घरमा हुलाकमार्फत पठाउन आग्रह गरेका छन् । उता मुथालिकले चाहिँ कट्टु उपहार नलिने बरु ती केटीलाई गुलावी सारी उपहार दिने भनेका छन् । त्यस्तै समूहले श्रीराम सेनाको तालिवानी शैलीलाई चुनौती दिन भ्यालेन्टाइन डेको दिन पवमा छिरेर पेय किन्न र पिउन आग्रह गरेका छन् ।

फेसबुक मार्फत लडिएको 'कट्टु युद्ध' आफैंमा विनोदपूर्ण भए पनि यसले भारतीय समाजमा जारी पुस्तान्तरलाई उजिल्याउँछ । बढ्दो आर्थिक प्रगतिसँगै भारत पश्चिमी संसारसँग अझ बढी नजिकिइरहेको छ र यहाँका तन्नेरीहरू आफूलाई पश्चिमी समकक्षीभन्दा कम आँक्न चाहँदैनन् । तर पुरानो पुस्ता, विशेषगरी धर्मलाई राजनीतिको विषय बनाउन चाहनेहरू, खुलेआम पश्चिमी संस्कृतिले युवालाई प्रभाव पारेको देख्न चाहन्नन् । कसैको व्यक्तिगत स्वतन्त्रतामाथि धावा बोल्नु आफैंमा अलोकतान्त्रिक र तालिवानी प्रवृत्ति हुँदै हो । साथै श्रीराम सेनाजस्ता भारतीय हिन्दू अतिवादी समूहले भ्यालेन्टाइन डे रोक्न गर्ने तर्क आफैंमा कम्ती हास्यास्पद छैनन् । कुन हिन्दू भगवानले प्रेमलीला गरेनन् ? भगवानकै तहमा जाने हो भने त झन् के होला ? यी प्रश्न अचेल सेनाजस्ता संस्थाको विरुद्ध तर्क गर्ने तन्नेरीहरूले इन्टरनेटभरि छरेका छन् । फेरि हिन्दू संस्कृतिको त्यत्रो वकालत गर्ने यस्ता संगठनले विना हिच्किचाहट क्रिश्चियन एडी क्यालेन्डर चलाउने गर्छन् । फेरि त्यही क्यालेन्डरको फेब्रुअरी १४ औं दिनलाई चाहिँ देखिसहँदैनन् ।

delhi@wagle.com.np

# प्रेम, यौन र जीवन



## घनश्याम खड्का

प्रेम । यसको व्याख्यामा हजारौं कविता लेखिएका छन्, गीत गाइएका छन् र सिनेमा बनाइएका छन् । काव्य, कला र दर्शनमा प्रेमले जति अरू कुनै कुराले सायदै ठाउँ पाएको छ । कवि, लेखक, चित्रकार, साधु, योगी र नेतासम्म पनि प्रेमको महिमा गाएर कहिल्यै थाक्दैनन् । सबैको मुखमा ज्यादा आइरहने शब्द सायद प्रेमै हो । तर जति नै गफिए पनि संसारमा प्रेम प्रतिक्षण दुर्लभ हुँदै गएको छ । यो असाध्यै चर्चा गरिएको तर अनुभव कमले गरेको एउटा रहस्य हो ।



जीवन र प्रेम गहिरोगरी जोडिएका छन् । प्रेम छैन भने जीवन जीवनजस्तो हुँदैन । प्रेमहीन जीवन लहर विनाको सागरजस्तो कुरूप, गतिविनाको नदीजस्तो निष्प्राण, सुगन्धविनाको फूलजस्तो निरस र फलविनाको वृक्षजस्तो अनुर्वर हुन्छ, बाँच्नलायक हुँदैन ।

प्रेमको सम्बन्ध चेतनासँग छ । प्राणी जति चेतनशील हुन्छ, उति प्रेमपूर्ण । जति प्रेमपूर्ण हुन्छ, उति होशपूर्ण । जति होशपूर्ण हुन्छ, उति आनन्दित । वनस्पतिमा चेतना कम छ, त्यसैले तिनमा प्रेम पनि हामीले बुझ्ने स्तरको प्रस्ट छैन । पशुपन्छी वनस्पतिका तुलनामा अलि चेतपूर्ण छन्, तिनको प्रेमको आभास हामी सजिलै पाउँछौं । चेतनाको सीमितताका कारण मानवइतर प्राणीको प्रेमले शरीरको घेरा तोड्नसकेको छैन । तथापि कृत्रिमता नमिसिएकाले, मान्छेको जस्तो सभ्यताको आडम्बर प्रदर्शन गरिरहनुपर्ने झन्झट नभएकाले तिनको जीवनमा कृत्रिमता छैन ।

थाहा छ, मान्छे चेतनाका हिसाबले यो चराचर जगतको श्रेष्ठ प्राणी हो । उसको प्रेम फराकिलो र विराट हुनुपर्ने हो । तर यस्तो सायदै भएको छ । मान्छेको प्रेम पनि पशुको झैं शरीरकेन्द्री छ । भ्रमवश उसले यौनलाई प्रेम ठानेको छ । एक पश्चिमा विचारकले त भनेका पनि छन्, 'प्रेम यौनको गलत उच्चारण हो ।'

व्यक्तिविषेशका प्रति, उसको कुनै खुबी या सौन्दर्यको वशिभूत उब्जिएको भाव प्रेम होइन, वासना हो । वासना सधैं बदलिरहन्छ । आफूलाई राम्रो लागेको मान्छे वा वस्तुभन्दा पनि राम्रो अर्को व्यक्ति वा वस्तु देखेको क्षण मनमा त्यो प्राप्त भइदिए हुन्थ्यो भन्ने कामना उब्जिन्छ । यो मुर्च्छना हो, बेहोशी हो । बेहोशीले दुःख सिवाय केही दिँदैन ।

मान्छेलाई अक्सर यही बेहोशीले पछ्याएको छ । र नै त यतिका दुःखी छन्, रोगी हृदयका रुग्ण मानिसहरू छन्, अपराध र युद्ध छन् । प्रेम र घृणा दुई विपरीत शब्दका रूपमा लिइन्छ । तर मलाई लाग्छ, यसमा विपरीत केही पनि छैन । प्रेमको मात्रा साह्रै कम, लगभग शून्यको स्थितिमा घृणाको जन्म हुन्छ, अहंकारको जन्म हुन्छ । घृणाको अनन्त जालोले जेलिएको मान्छेले जे पनि गर्न सक्छ, हत्या पनि, युद्ध पनि । घृणाको मात्रा शून्य भएको अवस्थामा जे बाँकी रहन्छ, त्यही प्रेम हो, जीवन हो । प्रेमले पूर्ण जीवन बाँचिरहेको मानिस अरूलाई दुःख दिन सक्दैन । लुट, हत्या र बलात्कार प्रेमकै अनुपस्थितिमा लाग्ने सरुवा रोग हो । युद्धपिपासु रोमन सम्राट क्लाउडिअसले विवाहमा उसै प्रतिबन्ध लगाएका थिएनन् । उनी देशका सबै युवालाई भर्ती गरेर युद्धमा पठाउन चाहन्थे । तर विवाह गरेका र प्रेममा परेकाहरू गएनन्, जान चाहेनन् । प्रेमपूर्ण जीवन छाडेर मारकाटमा को जान्छ ? सन्त भ्यालेन्टाइनले युवायुवतीको गोप्य रूपमा विवाह गरिदिन थाले । क्लाउडिअसले उनको ज्यानै लिए । उनै सन्तको सम्झनामा १४ फेब्रुअरी 'प्रेम दिवस'का रूपमा मनाइन थालेको हो ।

बिहा गर्ने अनुमति पाए पनि आजपर्यन्त संसारभरका सिपाही ब्यारेकमा राखिन्छन् । यसको गहिरो अर्थ छ । लामो समय महिलाको सम्पर्कमा नआएको पुरुषको हृदय प्रेमशून्य हुन्छ । प्रेमशून्य हृदयले मात्रै युद्ध लड्न सक्छ, मान्छे मार्न सक्छ ।

अक्सर सिपाहीले सामूहिक बलात्कार गरेको समाचार सुन्नमा आइरहन्छन् । प्रेमको अलिकति पनि अनुभव भएको मान्छेले बलात्कार गर्न सक्दैन, त्यो पनि सामूहिक । प्रेमिका वा पत्नीभन्दा पर लामो समय बस्दा सैनिकलाई हिंसा स्वाभाविक लाग्दै जान्छ । उनीहरू तत्काल आक्रमणमा उत्रने स्वभावका हुन्छन् । प्रेमको संसर्गमा बाँचिरहेको मान्छेमा हिंसाप्रतिको यो तत्परता पटक्कै हुन्न ।

विश्वभर बढिरहेको अपराध, युद्ध र कलहसँग कतै न कतै प्रेमको सम्बन्ध छ । प्रेमको जीवनदायिनी धारा कतै पक्कै टुटेको छ । नत्र किन दुर्व्यसनी बढिरहेका छन्, किन झगडाको आगो सल्किरहेको छ, किन वेश्यावृत्ति फस्टाइरहेको छ ? किन ?

अधिकांशले प्रेमलाई यौवनको आवेग ठान्छन् । सहवासलाई यसको प्राप्ति मान्छन् । यौन र प्रेम छुट्टाछुट्टै कुरा हुन् । जसरी प्रेम प्राणीको स्वभाव हो, यौन पनि आवश्यकता हो । तर पशुलाई झैं यौन स्वच्छन्दता मान्छेलाई नभएकाले, तथाकथित सभ्यताले यसको प्राकृतिक वेग रोकिदिएकाले मान्छेको मनमा यौनको गहिरो तृष्णा छ । त्यो तृप्त नभएसम्म प्रेमको टुसा पलाउन सक्दैन ।

> व्यक्तिविषेशका प्रति, उसको कुनै खुबी या सौन्दर्यको वशिभूत उब्जिएको भाव प्रेम होइन, वासना हो ।

सन्तहरू भन्छन्, साँचो प्रेमको अनुभव भएपछि मात्रै सत्यको बोध हुन्छ । सत्यको बोध भएपछि मात्रै मान्छे जाति, देश, भाषा, सभ्यता र आफ्नो-पराइको साँघुरो घेराबाट माथि उठ्न सक्छ । उसको हृदयमा संसारका सबै प्राणीप्रति करुणा जाग्छ । जीवनमा झगडा गर्नुपर्ने कारणै कहाँ छ र ?

ghanashyam.khadka@gmail.com